# लिम्बुवान अध्ययन केन्द्र

## विष्णुदत्त-सरस्वती आङ्बुहाङ अनुसन्धानवृत्ति

### अनुसन्धान प्रस्तावना निर्देशिका

लिम्बुवान अध्ययन केन्द्रद्वारा सञ्चालित विष्णुदत्त-सरस्वती आङ्बुहाङ प्राज्ञिक कोष २०७३ अन्तर्गत विष्णुदत्त-सरस्वती आङ्बुहाङ अनुसन्धानवृत्तिका लागि आह्वान गरिएको अनुसन्धान प्रस्तावना (Research Proposal) को निर्देशिका तथा अपेक्षित ढाँचा निम्नानुसार रहेको छ ।

### क. अनुसन्धानको प्राथमिकता क्षेत्र (Priorities of the Research)

(१) लिम्बू र लिम्बुवान क्षेत्रको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदा

(२) अस्तित्वमा रहेको लिम्बूजातिको मौलिक ज्ञान

(३) लिम्बूजातिको मौलिक संस्कृति, धर्म र परम्परा

(४) लिम्बूजाति र अरु धर्म र संस्कृतिबीचको पारस्पारिक अन्तरसम्बन्ध

(५) लिम्बूजातिको थरगत विविधता, थात्थलो र बसोबास क्षेत्र

(६) लिम्बूजन्य खाद्य संस्कृति तथा वनस्पति

(७) लिम्बूजन्य पुरातात्विक तथा ऐतिहासिक धरोहरहरू

(८) लिम्बू जाति र लिम्बुवान सम्बद्ध आर्थिक तथा प्राकृतिक स्रोत-साधन

(९) लिम्बूजाति र लिम्बुवान सम्बद्ध नवीकरणीय उर्जा

(१०) लिम्बूजाति र लिम्बुवान सम्बद्ध पर्यटकीय क्षेत्र

(११) लिम्बूजाति तथा लिम्बुवानको भाषा, साहित्य, संस्कृति, इतिहास, धर्म, राजनीति, भूमि, शैक्षिक सवाल, अर्थव्यवस्था र महिला एवम् लैङ्गिक सवाल आदि ।

नोटः अनुसन्धाताले माथि उल्लेखित विषयवस्तु वा क्षेत्रमध्ये कुनै एक सन्दर्भ, विषयवस्तु र क्षेत्रमा प्रष्ट खुलाई अनुसन्धान प्रस्तावना तयार गरी पेश गर्नुपर्नेछ ।

### ख. अनुसन्धान प्रस्तावनाका मापदण्डहरू (Essentials of the Proposal)

यस अनुसन्धानवृत्तिका लागि अनुसन्धाताले निम्नानुसारका मापदण्डहरू पूरा गरेको हुनुपर्नेछः

(१) अनुसन्धाता एक व्यक्तिको हकमा स्नातकोत्तर वा सोभन्दा माथिको शैक्षिक तह उत्तीर्ण हुनुपर्ने वा स्नातकोत्तरभन्दा कम अध्ययन भए कुनै पनि अनुसन्धान कार्यमा विशेष दक्षता तथा अनुभव हासिल गरेको हुनुपर्नेछ ।

(२) समूहको हकमा कुनै विषयमा स्नातकोत्तर वा सोभन्दा माथिको तह उत्तीर्ण व्यक्ति मुख्य अनुसन्धानकर्ता हुनुपर्ने । सहायक अनुसन्धाता कम्तीमा स्नातक तह उत्तीर्ण हुनुपर्नेछ ।

(३) अनुसन्धानवृत्तिका लागि स्वदेशी तथा बिदेशी अनुसन्धानकताहरू सहभागी हुनसक्नेछन् ।

(४) अनुसन्धान प्रस्तावना लिम्बू वा खस-नेपाली वा अङ्ग्रेजी भाषामा लेखिएको हुनुपर्नेछ ।

(५) अनुसन्धान प्रस्तावनाको ढाँचा यस निर्देशिकामा दिइएको ढाँचामा आधारित हुनुपर्नेछ ।

(६) अनुसन्धान प्रस्तावना लेखन 'एपीए' शैली (APA Format) मा हुनुपर्नेछ ।

(७) अनुसन्धान प्रस्तावनामा अनिवार्य सन्दर्भसूची (References) समावेश भएको हुनुपर्नेछ ।

(८) अनुसन्धानकर्ताहरूको नेपाली नागरिकता वा आधिकारिक परिचय-पत्र र शैक्षिक प्रमाण-पत्र (हासिल गरिएको उपल्लो तह) को प्रमाणित प्रतिलिपि आफ्नो व्यक्तिगत विवरण (Bio-data) पेश गर्नुपर्नेछ ।

(९) अनुसन्धानकर्ता समूह वा संस्था भए संस्थाको तर्फबाट प्रस्तावना पेश गरेको आधिकारिक पत्र र संस्थाको नवीकृत प्रमाण-पत्रका प्रमाणित प्रतिलिपिका साथ अनुसन्धानमा संलग्न अनुसन्धाताहरूको नागरिकता वा आधिकारिक परिचय-पत्र र शैक्षिक प्रमाण-पत्र (हासिल गरिएको उपल्लो तह)का प्रमाणित प्रतिलिपि र व्यक्तिगत विवरण (Bio-data) समेत पेश गर्नुपर्नेछ ।

(१०) प्रस्तावना पेश गरेको कुनै शुल्क लाग्ने छैन ।

(११) अनुसन्धान प्रस्तावना अनुसन्धाता आफै उपस्थति भई, कुनै दोस्रो व्यक्तिमार्फत् वा ई-मेल र हुलाक तथा कुरियर सेवामार्फत समेत पठाई पेश गर्न सकिनेछ । यसरी दोस्रो माध्यममार्फत् पठाई पेश गरिएको प्रस्तावनाको यकिन (Follow- up) प्रस्तावक आफैले गर्नुपर्नेछ ।

## ग. अनुसन्धान प्रस्तावनाको ढाँचा (Research Proposal Format)

०. अध्ययनको शिर्षक (Topic/Title of the Study)

१. अध्ययनको परिचय/भूमिका (Introduction/Background of the Study)

२. अध्ययनको समस्या कथन/प्रश्नहरू (Problem Statement/Questions of the Study)

३. अध्ययनको उद्देश्य (Objectives of the Study)

४. अध्ययनको पूर्वसाहित्य समीक्षा (Review of the Literatures)

५. अध्ययनको सैद्धान्तिक दृष्टिकोण/आधार (Theoretical Perspective/s of the Study)

६. अध्ययनको अवधारणात्मक ढाँचा (Conceptual Framework of the Study)

७. अध्ययनको औचित्य/महत्व (Significance/Rationale of the Study)

८. अध्ययन विधि (Research Methodology)

९. अध्ययनको विश्वसनीयता र वैधता (Realibility and Validity of Data/Study)

१०. अध्ययनको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण (Analysis, Interpretation and Presentation of the Study)

११. अध्ययनको सीमा (Limitations of the Study)

१२. अध्ययनको कार्यतालिका तथा बजेट (Timetable and Budget of the Study)

**नोटः** पेपर साइज ए ४ साइज, मार्जिन १ इन्च चारै तिर सिरिजङगा फन्ट १४ साइज, प्रिति फन्ट १४ साइज Times New Roman font Size 12, line spacing 1.15 for all fonts।

---

सन्दर्भग्रन्थ/सूची (References/Bibliography)

अनुसूचीहरू (Annexes/Appendices)

अनुसूची १ः चेकलिष्ट/प्रश्नावलीहरू (Checklist/Questionnaire)

-----


**लिम्बुवान अध्ययन केन्द्र**

**ललितपुर चुम्लुङ्हिम, ललितपुर-१४**

E-mail: limbuwanstudies@gmail.com

Website: www.limbuwanstudies.org

**सम्पर्क व्यक्तिहरू :**

१. अर्जुन लिम्बु : Mobile No. 9841365740 Email : arjun.nugo@gmail.com

२. भगिराज इङनाम : Mobile No. 9851199940 Email: bhagirajingnam1@gmail.com

३. टंक माबुहाङ : Mobile No. 9841980221 Email : tankamabuhang@gmail.com